TRIBHUVAN UNIVERSITY

Institute of Science and Technology

# DEAN'S OFFICE

Kirtipur, Kathmandu, Nepal

Institute of Science & Technology Dean's Office Kirtipur 2045

Reference No.:

मिति २०७८।१०।१३

## Research Grant सम्बन्धी सूचना

**राष्ट्रिय युवा परिषद्को मिति २०७८।१०।१० चलानी नं. ३४१ को सूचना अनुसार** राष्ट्रिय युवा परिषद् को वार्षिक कार्याक्रम अनुसार युवाका लागि विज्ञान तथा प्रविधिमा प्रबर्द्धन कार्यक्रम अन्तर्गत विज्ञान तथा प्रविधि क्षेत्रका विषयहरुमध्ये कुनै एक विषयमा स्नातकोत्तर तहमा अनुसन्धान गर्ने युवाहरु लाई आर्थिक सहयोग गर्ने कार्यक्रम रहेकाले **संलग्न परिषद्को सूचना अनुसार राष्ट्रिय युवा परिषद्मा अनुसन्धान प्रस्तावना पठाउनुहुन इच्छुक सम्पूर्ण विद्यार्थीहरुलाई अनुरोध** गरिन्छ ।

..............................

**प्रा.डा.बिनिल अर्याल**

डीन

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

०७८।७९ (.................................... शाखा)

प.सं.
च.नं. ३४१

मितिः- २०७८/१०/१०

**विषयः-** विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान सहयोगका लागि अनुसन्धान प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को आ. व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रमहरु मध्ये युवाका लागि विज्ञान तथा प्रविधिमा प्रवर्द्धन कार्यक्रम अन्तर्गत विज्ञान तथा प्रविधि क्षेत्रका विषयहरु मध्ये कुनै एक विषयमा **स्नातकोत्तर तहमा अन्तिम वर्ष वा अन्तिम सेमेष्टरमा नियमित रुपमा अध्ययनरत (शोध अनुसन्धान गर्न योग्य )** ३० जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु ४०,०००/-(चालीस हजार) का दरले अनुसन्धानमा सहयोग गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक साथै **२०७९ आषाढ १५** गते सम्ममा सम्पूर्ण अनुसन्धानको कार्य सम्पन्न गर्न सक्ने १६- ४० वर्ष उमेर समूहका युवा/ विद्यार्थीहरुले तपसीलका कागजपत्रहरु सहित मिति **२०७८ माघ २८ गतेसम्म** यस परिषद्को योजना तथा वैदेशिक समन्वय शाखामा (परिषद्ले तोकेका न्युनतम विषय शीर्षकहरु समावेश भएको ) अनुसन्धान प्रस्तावनाको सक्कलै प्रति सहितको विवरण पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।अनुसन्धान सहयोगका लागि **युवाका लागि विज्ञान तथा प्रविधि सहयोग (Research Grant) सम्बन्धी कार्यान्वयन प्रक्रिया २०७७** ले तोकेका आधारहरूमा मूल्यांकन समितिवाट छनौट भई सिफारिश भएका विद्यार्थीहरुको नामावली यस परिषद्को वेबसाईट तथा सम्वन्धित विश्वविद्यालय /क्याम्पसहरुमा समेत पठाईनेछ।रित नपुगेका र तोकिएको समय भित्र प्राप्त नभएका प्रस्तावनालाई मूल्यांकन प्रक्रियामा समावेश नगराईने व्यहोरा समेत जानकारी गराईन्छ ।

डा. बाबुराम ढुङ्गाना
प्रशासकीय प्रमुख

<u>तपसील</u>

१. परिषद्ले तोकेको ढाँचाको निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. स्नातकतहको ट्रान्सक्रिप्ट तथा स्तानकोत्तर तहमा प्राप्त गरेको वार्षिक/ सेमेष्टरको मार्कसिट/ ग्रेडसिटको प्रतिलिपि
४. सम्वन्धित शिक्षण संस्थाको सिफारिश पत्र र शोध सुपरिवेक्षकबाट स्वीकृत शोध प्रस्तावना (Proposal)को सक्कल प्रति।
५. निवेदन तथा प्रस्तावनाको न्युनतम विषय शीर्षक ढाँचा परिषद्को वेभ साईट www.nyc.gov.np वाट डाउनलोड गर्न सकिनेछ ।
६. समावेशी समूहको हकमा उक्त समूहको प्रमाण।

नोटः इच्छुक आवेदकले NYC को website वा Facebook Page मा रहेको Link https://docs.google.com/forms/d/१०QGwFdUe१oXolXg_QXIPCcHZcSQEhSYMM७pK२B७IXiA/edit मा गएर Google Form भर्नुपर्नेछ ।

**वेवसाइटः** www.nyc.gov.np, **इमेलः** info@nyc.gov.np, ☎: 6638152 (**कार्यकारी उपाध्यक्ष**),
☎: 6635133 (**प्रशासकीय प्रमुख**), ☎: 6631276, 6631372, 6635924, 5639430 (**सहायता कक्ष**)